# पूर्वाञ्चल विश्वविद्यालय

## परीक्षा व्यवस्थापन कार्यालय

विराटनगर, नेपाल

☎ ५७४८००, ५७२०२२
५१८४९१
इमेल : puoemgt@puexam.edu.np.
वेबसाइट : www.puexam.edu.np

प.सं. : 06C/065
च.नं. : ६९८

मिति २०७८/११/०५

श्री क्याम्पस प्रमुखज्यू,

विज्ञान तथा प्रविधि संकाय अन्तर्गत स्नातकाकोत्तर तह (Masters' Level) का कार्यक्रम(हरु) सञ्चालन गर्ने यस विश्वविद्यालयका आंगिक तथा सम्बन्धन प्राप्त सम्पूर्ण क्याम्पस / कलेजहरु

*विषयः रजिस्ट्रेशन फर्म भरी भराई पठाई दिने बारे ।*

उपरोक्त विषयमा, यस विश्वविद्यालयद्वारा शैक्षिक वर्ष २०७७/०७८ (ई.सं. २०२० समूह) मा विज्ञान तथा प्रविधि संकाय अन्तर्गत सञ्चालित स्नातकोत्तर तह (Masters' Level) का विभिन्न शैक्षिक कार्यक्रमहरूको प्रथम सेमेस्टर/वर्षमा प्रवेश लिएका विद्यार्थीहरूको विश्वविद्यालयमा नाम-दर्ता (Registration) गर्न गराउन सेमेस्टर तथा वार्षिक परीक्षा प्रणाली अनुसार सञ्चालित स्नातक एवं स्नातकोत्तर तहका विभिन्न शैक्षिक कार्यक्रमहरूको रजिस्ट्रेशन फर्म भर्ने भराउने सम्बन्धी निर्देशिका मा उल्लेखित विभिन्न शैक्षिक कार्यक्रमहरूका लागि यस विश्वविद्यालय मार्फत लिइएको प्रवेश परीक्षा उत्तीर्ण विद्यार्थीहरू मध्येबाट विश्वविद्यालयद्वारा स्वीकृत सीट संख्या (Quota) भित्र रही यस कार्यालयद्वारा तोकिएको Online website: mycollege.midas.com.np मार्फत भर्ना हुन आएका सम्पूर्ण विद्यार्थीहरूको आवश्यक विवरण भरी तथा सम्बन्धित विद्यार्थीहरूमार्फत तोकिएको रजिस्ट्रेशन फर्म भरी/भराई उक्त निर्देशिकामा उल्लेख भए अनुसारका प्रमाण-पत्रहरू र आवश्यक शुल्कको ड्राफ्ट् वा बैंक भौचरसहित मिति २०७८/११/२० गते भित्र सोही निर्देशिकामा उल्लेखित माध्यमबाट यस कार्यालयमा बुझाउन हुन जानकारी गराउँदछु ।

पुनश्चः तोकिएको समय भित्र रजिस्ट्रेशन फर्म भर्न भराउन छुट भएका विद्यार्थीहरूको नियमानुसार लाग्ने शुल्कको दोब्बर दस्तुर सहित मिति २०७८/११/२७ गते भित्र उपरोक्तानुसार ( Online समेत) रजिस्ट्रेशन फर्म भरी भराई जम्मा हुन आएको रकमको ड्राफ्ट वा बैंक भौचरसाथ उक्त रजिस्ट्रेशन फर्म(हरू) निर्देशिकामा उल्लेखित माध्यमबाट यस कार्यालयमा बुझाउनु पर्नेछ ।

Online मार्फत नाम तथा विवरण नभरेका विद्यार्थीहरूको रजिस्ट्रेशन फर्म स्वीकार गरिने छैन तथा Online मार्फत नाम तथा विवरण भरेका तर रजिस्ट्रेशन फर्म प्राप्त नभएका विद्यार्थीहरू समेत नाम-दर्ता (Registration) का लागि योग्य हुने छैनन् ।

तोकिएको समय पश्चात Online मार्फत विद्यार्थीहरूको नाम लगायत विवरण भर्ने सुविधा बन्द गरिने भएकाले सोही अनुसार विद्यार्थीहरूको रजिस्ट्रेशन सम्बन्धी विवरण भर्ने भराउने व्यवस्था समयमैं मिलाउन जानकारी गराउँदै Online मार्फत रजिस्ट्रेशन सम्बन्धी विवरण नभरेका कारणले विद्यार्थीहरूको नाम-दर्ता (Registration) हुन नसकेमा सोको सम्पूर्ण जिम्मेवारी सम्बन्धित क्याम्पस/कलेजले नै लिनु पर्नेछ ।

नोटः रजिस्ट्रेशन फर्महरू विराटनगर स्थित पू.वि., परीक्षा व्यवस्थापन कार्यालय तथा मैतीदेवी, काठमाडौं स्थित पू.वि., परीक्षा व्यवस्थापन इकाइ कार्यालय मार्फत मात्र उपलब्ध गराइनेछ ।

साथै, माथि उल्लेखित सेमेस्टर तथा वार्षिक परीक्षा प्रणाली अनुसार सञ्चालित स्नातक एवं स्नातकोत्तर तहका विभिन्न शैक्षिक कार्यक्रमहरूको रजिस्ट्रेशन फर्म भर्ने भराउने सम्बन्धी निर्देशिका यस परीक्षा व्यवस्थापन कार्यालयको website (www.puexam.edu.np) मार्फत् उपलब्ध गर्न सकिने छ । तथा, रजिस्ट्रेशन फर्महरू समेत सोही website बाट download गरी प्रयोग गर्न सकिनेछ ।
तथा, नाम-दर्ता (Registration) सम्बन्धी आवश्यक सोधपुछका लागि यस कार्यालयको फोन नं. ०२१- ५३२०२२ Ext- १२४ मा सम्पर्क गर्न सकिनेछ ।

प्रा. मोहन बहादुर बस्नेत
परीक्षा नियन्त्रक